# बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ५ संख्या – ९ मितिः १५ फागुन २०७८


## भाग - १

## बेनीघाट रोराङ गाउँपालिका ग्रामिण खानेपानी व्यवस्थापन बोर्डको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८


बेनीघाट रोराङ गाउँपालिका

विशालटार, धादिङ

बागमती प्रदेश

**बेनीघाट रोराङ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड – ५** **संख्या – ९** **मितिः १५ फागुन २०७८**

## ग्रामिण खानेपानी व्यवस्थापन बोर्डको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

*गाउँसभाबाट स्वीकृत मिति: २०७८/११/०३*

## प्रस्तावना

गाउँपालिका क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवालाई व्यवस्थित, नियमित, तथा गुणस्तरयुक्त बनाइ त्यस क्षेत्रका बासिन्दालाई प्रभावकारी र भरपर्दो सेवाप्रदान गर्ने गराउने र उचित व्यवस्थापन गर्ने सम्बन्धमा ग्रामिण खानेपानी व्यवस्थापन बोर्डको स्थापन र सञ्चालन गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम बनेघाट रोराङ गाउँ कार्यपालिका) ले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यस ऐनको नाम " बेनीघाट रोराङ ग्रामिण खानेपानी व्यवस्थापन बोर्ड ऐन,२०७८" रहेको छ । अंग्रेजीमा "Benighat RorangRural Water Supply Management Board Act, 2078" हुनेछ ।

ख. यो ऐन स्थानीय गाउँ कार्यपालिकाले अनुमोदन गरेको मितिदेखि लागू भएको मानिनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "बोर्ड"भन्नाले यस ऐनको दफा ३ बमोजिम गठित ग्रामिण खानेपानी व्यवस्थापन बोर्ड सम्झनु पर्छ ।

(ख) "कार्यकारी समिति" भन्नाले यस ऐनको दफा १० बमोजिम गठित समितिलाई जनाउनेछ

(ग) "अध्यक्ष"भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ, जसले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने अधिकार प्राप्त व्यक्तिसमेतलाई सम्झनु पर्दछ ।

(घ) "सदस्य "भन्नाल`कार्यकारी समितिको सदस्यलाई सम्झनु पर्दछ ।

(ङ) "महशुल "भन्नाले सेवाप्रदायकले सेवा प्रदान गरे बापत उपभोक्ताबाट लिइने शुल्कलाई बुझाउँछ ।

(च) "उपभोक्ता समिति "भन्नाले स्थानीय स्तरमा निश्चत खानेपानी आयोजनालाई व्यवस्थापन तथा संचालनका लागि गठित खानेपानी उपभोक्ता समितिलाई सम्झनु पर्दछ ।

(छ) "सेवा"भन्नाले खानेपानी वा सरसफाई सेवा सम्झनु पर्छ ।

(ज) "सेवाप्रदायक"भन्नाले महसुल लिई सेवा उपलब्ध गराउने कुनै व्यक्ति, उपभोक्ता समूह वा सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले बोर्डसँग सम्झौता गरी सेवा प्रदान गर्ने

अन्य कुनै व्यक्तिसमेतलाई जनाउँछ ।

(झ) "कार्यकारी निर्देशक" भन्नाले दफा १५ बमोजिम नियुक्त कार्यकारी निर्देशकलाई सम्झनुपर्दछ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २

## बोर्डको गठन तथा काम, कर्तव्य र अधिकार

**३. बोर्ड गठन गर्न सक्ने :**

यो ऐन प्रारम्भ भएपश्चात स्थानीय पालिकाले सूचना प्रकाशन गरी पालिका क्षेत्रमा खानेपानी तथा सरसफाई क्षेत्रको सेवा प्रणाली तथा सेवालाई प्रभावकारीरुपमा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन सम्बन्धित पालिकास्तरमा आवश्यकताअनुसार खानेपानी व्यवस्थापन बोर्ड
गठन गर्न सक्नेछ ।

**४. बोर्ड स्वशासित संस्था हुने :**

(१) बोर्ड अविच्छिन्न उत्तराधिकार वाला स्वशासित सङ्गठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारबाहीको लागि नेपाली र अंग्रेजीमा छुट्टा छुट्टै गोलाकार भित्र "बनेघाट रोराङ ग्रामिण खानेपानी व्यवस्थापन बोर्ड, २०७८" र "Benighat Rorang Rural Water Supply Management Board, 2078" रही विचमा पानी झरेको धाराको चित्र भएको छाप हुनेछ ।

(३) बोर्डले व्यक्तिसरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्डउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**५. बोर्डको भौगोलिक क्षेत्र :**

(१) दफा ३ बमोजिम गठन हुने बोर्डको भौगोलिक क्षेत्र त्यस्तो बोर्ड गठन गर्दाका बखत स्थानीय पालिकाले प्रकाशन गरेको सूचनामा तोकिदिएबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बोर्डको भौगोलिक क्षेत्र कुनै कारणले थपघट वा हेरफेर गर्नुपरेमा सोको पर्याप्त कारणसहित बोर्डले स्थानीय पालिकासमक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा स्थानीय पालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा बोर्डको भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न उपयुक्त देखेमा स्थानीय पालिकाले सूचना प्रकाशन गरी बोर्डको भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न सक्नेछ ।

**६. बोर्डको काम, कर्तव्य र अधिकार :**

यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खानेपानी सेवा प्रणाली प्राप्त, निर्माण, विस्तार, सुधार तथा पुनर्स्थापना गर्ने गराउने,

(ख) खानेपानी सेवा सम्वन्धि नीतिबनाई कार्यान्वयन गर्ने गराउने ।

(ग) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिन आवश्यक नीति बनाई कार्यान्वयन गर्ने गराउने,

(घ) खानेपानीको स्रोतको पहिचान, वितरण तथा सरसफाई सम्वन्धमा आवश्यक कार्य गर्ने गराउने ।

(ङ) सेवा प्रणाली सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(च) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने,

(छ) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

(ज) प्रचलित कानूनबमोजिम सेवाको महसशुल दर निर्धारण गराउने,

(झ) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(ञ) उपभोक्तालाई प्रदान गर्ने सेवावापत निर्धारित महसुल असुल गर्ने गराउने,

(ट) सेवाप्रदायकबाट सेवा लिन पर्ने अवस्था आएमा सेवाप्रदायकलाई सेवा प्रदान गर्न अनुमतिपत्र प्रदान गर्ने वा सेवाप्रदायकसँग सम्झौता गरी सेवा प्रदान गराउने,

(ठ) सेवाप्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पीरमर्का पर्न गएमा सो उपर सुनुवाई गरी उपयुक्त उपचार दिने,

(ड) खानेपानी वितरणका सवै पक्षहरुमा क्षति पुऱ्याउने पक्षहरुबाट दण्ड सजायको लागि नीति तय गरी कार्यान्वयन गर्ने गराउने ।

(ढ) विद्यमान खानेपानी उपभोक्ता समितिलाई बोर्ड मोडलमार्फत् खाने पानीलाई व्यवस्थापन गर्न अभिप्रेरित गर्न आवश्यक कार्य गर्ने गराउने ।

(ण) बोर्डले कुनै संघ संस्था तथा निकायसँग सह लगानीमा खानेपानी सम्बन्धी क्रियाकलाप गर्न सक्नेछ

(त) सेवा सञ्चालनका लागि आवश्यक पर्ने नियमित अनुगमन तथा तोकिएबमोजिमका अन्य काम गर्ने ।

**७. बोर्डले सेवा सञ्चालन गर्ने गराउने :**

(१) बोर्डले सञ्चालन गर्नु पर्ने सेवा आफैले वा आवश्यकता अनुसार सेवा प्रदायकलाई अनुमतिपत्र प्रदान गरी वा निजसँग सम्झौता गरी सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायकलाई अनुमतिपत्र प्रदान गर्दा वा निजसँग सम्झौता गर्दा बोर्डले आवश्यक सर्त तोक्न सक्नेछ ।

(३) सेवाप्रदायकले पालना गर्नु पर्ने सर्तहरु अनुमतिपत्र वा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

**८. पानी उपभोग तथा वितरण सम्बन्धी अधिकार सर्ने :**

(१) स्थानीय खानेपानी उपभोक्ता समितिले सञ्चालन र व्यवस्थापन गरेको सेवा प्रणाली बोर्डमा हस्तान्तरण भएमा स्थानीय खानेपानी उपभोक्ता समितिले सेवाप्रदान गर्न उपयोग गरेको पानीको सम्पूर्ण स्रोतमा बोर्डको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय खानेपानी उपभोक्ता समितिबाट हस्तान्तरण भएको सेवा प्रणालीको उपयोग,सञ्चालनतथा मर्मत सम्भार वा पुनर्स्थापन गर्ने क्रममा सार्वजनिक वा व्यक्तिगत घर जग्गामा पाइप राख्ने वा संरचनाको पुनर्निर्माण वा पुनर्स्थापना गर्ने सम्बन्धमा बोर्डलाई स्थानीय खानेपानी उपभोक्ता समितिलाई भएसरहको अधिकार हुनेछ ।

**९ बोर्डको विशेष अधिकार**

(क) ऋण तथा सहयोग लिन सक्ने : बोर्डले आवश्यकताअनुसार नेपालभित्रको कुनै बैङ्क वा वित्तीय संस्था वा विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्न सक्नेछ । तर विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्नु अघि बोर्डले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(ख) लगानीगर्न सक्ने :

(१) बोर्डले दफा (२१) बमोजिमको कोषमा रहेको रकम उपभोक्ताको हितलाई ध्यानमा राखी लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने लगानीको क्षेत्र तथा सर्त तोकिए बमोजिम हुनेछन् ।

(ग) घर जग्गामा प्रवेश गर्न सक्ने : बोर्डको कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै उपभोक्ताको घर जग्गामा प्रवेश गर्नु पर्ने भएमा सोको कारणसहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नु पर्ने मनासिब आधार र कारण भएमा त्यस्तो घरजग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्नेछैन ।

(घ) निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन सक्ने : (१) बोर्डले उपभोक्तालाई खानेपानी वा सरसफाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पाइप बिछ्याउँदा वा सोसँग सम्बन्धित अन्य संचरना बनाउँदा कुनै व्यक्तिको निजी घर जग्गामा कुनै किसिमले हानि नोक्सानी पर्न गएमा बोर्डले सोवावापत सम्बन्धित घरजग्गा धनीलाई मनासिव क्षतिपूर्ति दिनु पर्नेछ ।

(ङ) सेवाप्रदायकसँग शुल्क लिन सक्ने : (१) बोर्डले आफ्नो भौगोलिक क्षेत्रभित्र सेवा सञ्चालन गर्ने सेवाप्रदायकसँग तोकिए बमोजिम शुल्क लिन सक्नेछ ।

(२) बोर्डले कुनै सेवाप्रदायकलाई आफ्नो सेवा प्रणाली सञ्चालन गर्न अनुमतिपत्र दिएकोमा अनुमतिपत्रमा उल्लेख भएबमोजिमको रकम त्यस्तो सेवाप्रदायकबाट असूलउपर गर्नेछ ।

(च) अतिरिक्त दस्तुर लगाउने : (१) उपभोक्ताले सेवा उपयोग गरेबापत तिर्नु पर्ने महसुल निर्धारित समयभित्र नतिरेमा वा उपभोक्तालाई नियमित सेवाभन्दा थप सेवा उपलब्ध गराइएकोमा त्यस्तो उपभोक्ताबाट बोर्डले तोकिए बमोजिम अतिरिक्त दस्तुर असूलउपर गर्न सक्नेछ ।

(छ) सेवा निलम्बन वा अन्त्य गर्न सक्ने : (१) यस ऐन वा प्रचलित कानून बमोजिम निर्धारित महसुल नबुझाउने वातोकिएको समयमा महसुल नबुझाउने उपभोक्ताको सेवा बोर्ड वा सेवाप्रदायकले निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा अन्त्य भएकोमा उपभोक्ताले बोर्ड वा सेवाप्रदायकलाई बुझाउनु पर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजलाई पुनः सेवाप्रदान गरिनेछ ।

## परिच्छेद – ३
## बोर्डको कार्यकारी समितिको गठन, काम, कर्तव्य तथा अधिकार

### १०. कार्यकारी समितिको गठन

(१) दफा ३ बमोजिम गठन भएको बोर्डको तर्फबाट सम्पादन गर्नु पर्ने सम्पूर्ण काम कारबाही सुचारुरुपले सम्पादन गर्न एक कार्यकारी समिति रहनेछ ।

बोर्डको कार्यकारी समितिमा देहायबमोजिमका सदस्यहरु रहने छन् ।

(क) बोर्डको भौगोलिक सीमा क्षेत्रका गाउँपालिकाका प्रमुख, उप-प्रमुख वा गाउँ कार्यपालिकाका सदस्यहरु मध्ये गाउँ कार्यपालिकाले मनोनित गरेको व्यक्ति - सदस्य

(ख) गाउँपालिकाका प्रमुख प्रशाशकीय अधिकृत - सदस्य

(ग) गाउँ कार्यपालिकाको संरचनाभित्रको खानेपानी सम्बन्धी समितिका सदस्यहरु मध्ये कम्तिमा एकजना महिला पर्ने गरी कार्य पालिकाले मनोनित गरेका २ जना - सदस्य

(घ) खानेपानी तथा सरसफाई सेवा क्षेत्रका विज्ञहरु मध्यबोर्डले मनोनित गरेको एक जना व्यक्ति - सदस्य

(ङ) खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत स्थानीय गैर सरकारी संस्थाहरु मध्येवाट बोर्डले मनोनयन गरेको एक जना - सदस्य

(च) खानेपानी उपभोक्ता समितिका प्रतिनिधिहरु मध्य कम्तिमा एक जना महिला रहने गरी सहमतिमा छानिएका दुईजनासदस्य । यदि खा.पा. उपभोक्ता समितिबाट प्रतिनिधित्वका लागि सहमति हुन नसकेमा समिति आफैले मनोनयन गर्ने छ ।

(छ) कार्यकारी निर्देशक सदस्य सचिव(२) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम सदस्य मनोनयन गर्दा उपलब्ध भएसम्म महिलालाई प्राथमिकता दिनु पर्नेछ ।

(२) सम्बन्धित क्षेत्रमा एकभन्दा बढी संस्था भएमा त्यस्तो संस्थाले आलोपालो गरी प्रतिनिधित्व गर्नुपर्नेछ । तर त्यस्ता संस्थाहरु बीच आलोपालो गरी प्रतिनिधित्व गर्ने सम्बन्धमा सहमति हुन नसकेमा त्यस्ता संस्थाहरु मध्येबाट प्रतिनिधित्व हुने गरी समिति आफैले मनोनयन गर्नेछ ।

(३) उपदफा (२) बमोजिममनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) समितिका सदस्यहरुले आफूहरु मध्येबाट छानेको व्यक्ति समितिको अध्यक्ष हुनेछ ।

(५) समितिका सदस्यले आफ्नो कार्य सम्हाल्नुअघि अनुसूचीमा उल्लेख भएबमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

(६) कार्यकारी निर्देशकले समितिको सचिव भई काम गर्नेछ ।

(७) पदेन सदस्यहरु बाहेकका सदस्यहरुको पदावधि ५ वर्ष हुनेछ ।

**११. सदस्यको पद रिक्तहुने अवस्थाः** देहायको अवस्थामा बोर्डको कार्यकारी समितिका मनोनित सदस्यको पद रिक्तभएको मानिनेछ ।

(क) मनोनयन गर्ने निकाय समक्ष निजले आफ्नो पदवाट लिखित राजिनामा दिएमा ,

(ख) निजको पदावधि समाप्त भएमा ।

(ग) निज फौजदारी अभियोगमा अदालतवाट कसुरदार ठहरिएमा ।

(घ) निजविना सूचना लगातार तीन पटकसम्म बोर्डको बैठकमा अनुपस्थित भएमा ।

(ङ) निजको मृत्यु भएमा ।

**१२. रिक्त स्थानको पूर्ति :**समितिको मनोनित सदस्यको पद कुनै कारणबाट रिक्त हुनआएमा बाँकी अवधिको लागि निज पहिले जुन तरिकाबाट मनोनयन भएको हो सोही तरिकाबाट मनोनयन गरी रिक्त पदको पूर्ति गरिनेछ ।

**१३.कार्यकारी समितिको बैठक र निर्णयः**

(क) कार्यकारी समितिको बैठक कम्तिमा ३ महिनामा एकपटक वस्नेछ ।

(ख) कार्यकारी समितिको बैठक कार्यकारी निर्देशकको परामर्शमा अध्यक्षले तोकेको मिति, स्थान र समयमा हुनेछ ।

(ग) कार्यकारी समितिका कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा वढी सदस्य उपस्थित भएमा गणपुरक संख्या मानिनेछ ।

(घ) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ , बैठकको मिति तयपश्चात् अध्यक्ष विषेश कारणबस बैठकमा उपस्थित हुन नसकेमा कार्यकारी समितिका सदस्यहरु मध्य अध्यक्षले खटाएको व्यक्तिले अध्यक्षता गर्नेछ वा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

(ङ) कार्यकारी समितिको निर्णय प्रमाणित गर्ने काम कार्यकारी निर्देशकको हुनेछ ।

(च) कार्यकारी समितिको बैठक सम्वन्धि कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(छ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ज) उपपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका कम्तीमा पच्चीस प्रतिशत सदस्यले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध

प्राप्त भएको मितिले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

१४. **सदस्यको भत्ता तथा सुविधा :** सदस्यहरुले बैठकमा सहभागी भएबापत बैठक भत्ता पाउनेछन, यसरी पाउने बैठक भत्ता बोर्डले निर्णय गरेबमोजिम हुनेछ ।

## परिच्छेद – ४
## कार्यकारी निर्देशक तथा कर्मचारी सम्वन्धि व्यवस्था

**१५. कार्यकारी निर्देशकको नियुक्तिः**

(क) बोर्डको प्रशासकीय प्रमुखको रुपमा काम गर्न अधिकृत छैटौं तह वा सो सरहको योग्यता पुगेको र कर्मचारी छनौट समितिले सिफारिस गरेको व्यक्तिलाई बोर्डले कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(ख) कार्यकारी निर्देशकको पदावधि पाँचवर्षको हुनेछ ।

(ग) उपदफा(ख) मा जुन सुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले पदीय जिम्मेवारी पूरा नगरेमा, बोर्डको हित विपरित कार्य गरेमा, नैतिकपत नहुने कार्य गरेमा, बोर्डको निर्देशनअनुरुप कार्य सम्पादन नगरेमा निजलाई जुन सुकै बेला हटाउन सक्नेछ ।

(घ) उप दफा(ग)बमोजिम पदवाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकावाट बञ्चित गरिने छैन ।

(ङ) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछन् ।

**१६. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-**

(क) समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ख) बोर्डको लागि आवश्यक कर्मचारी नियुक्तिको लागि समितिसमक्ष सिफारिस गर्ने ।

(ग) बोर्डको अल्पकालीन तथा दीर्घकालीन योजना, वार्षिक कार्यक्रम र बजेट तयार गर्ने गराउने तथा समितिबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(घ) बोर्डले सञ्चालन गरेका कार्यक्रमहरुको नियमित अनुगमन गर्ने ।

(ङ) बोर्डको अध्यक्षको निर्देशनमा बैठक आव्हान गर्ने, बैठकको एजेण्डा तय गर्ने ।

(च) समितिबाट स्वीकृत हुनु पर्ने प्रस्तावहरु समितिसमक्ष पेश गर्ने

(छ) बोर्डका कर्मचारीहरुको कामको अनुगमन, कार्य सम्पादन मूल्याङ्कन गरी अर्धवार्षिक रुपमा बोर्डसमक्ष पेश गर्ने ।

(ज) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

**१७. कर्मचारी सम्वन्धी व्यवस्थाः**

बोर्डको लागि आवश्यक पर्ने प्राविधिक,प्रशासनिक, लेखा तथा अन्य कर्मचारीको दरवन्दी कार्यकारी निर्देशकको सिफारिसमा बोर्डको बैठकवाट अनुमोदन भएअनुसार हुनेछ ।कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधातथा सेवाका अन्य सर्तहरु तोकिएबमोजिम हुनेछन् ।

**१८. पदपूर्ति/छनौट समितिको गठन :**

(क) बोर्डले एक पदपूर्ति समितिको गठन गर्न सक्नेछ ।

(ख)पदपूर्ति समितिको काम, कर्तव्य, अधिकार र कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**१९. पदपूर्ति/छनौट समितिको काम,कर्तव्य र अधिकार :**

पदपूर्ति/छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) रिक्त रहेका पदहरु पूर्ति गर्न छनौटको प्रकिया र नियमावलीको परिधिभित्र रही प्रतियोगिताको किसिम निर्धारण गर्ने,

(ख) खुला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने पदको लागि विज्ञापन गर्ने, परीक्षा लिने र अन्तर्वाता गरी छनौट गरिएका उम्मेदवारहरुलाई नियुक्तिको लागि बोर्डको कार्यसमितिसमक्ष सिफारिस गर्ने,

(ग) बढुवा प्रयोजनका लागि तोकिएको मापदण्ड तथा बस्तुगत आधारमा पद अनुसारको सुपरीवेक्षक, मुल्याकन र पुनरावलोकन सम्बन्धी व्यवस्था गरी आवश्यक कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन विवरण तयार गरी त्यस्तो विवरण वर्षैपिच्छे भर्न लगाई सम्बन्धित

सुपरीवेक्षक, मूल्याङ्कनकर्ता र पुनरावलोकन कर्ताको सिफारिस सहित पेश गर्ने व्यवस्था मिलाई बढुवाको अभिलेख अद्यावधिक राख्ने ।

(घ) मूल्याङ्कनकर्ता र पुनरावलोकनकर्ता बोर्डले तोकेबमोजिम हुनेछ, ।

## परिच्छेद – ५

## कसुर तथा सजाय

२०. **कसुर तथा सजायः** कसैले यो नियमावलि तथा बोर्ड अन्तरर्गत बनेको नियम प्रतिकूल कुनै काम गरी देहायको कसुर गरेमा बोर्डले त्यस्तो व्यक्तिलाई देहायबमोजिम सजाय गर्न सक्नेछ ।

(१.) सेवासंग सम्वन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगार गरेमा वा अन्य कुनै प्रकारले क्षति पुऱ्याएमा क्षति भएको नोक्सानी भराइ कसुरको प्रकृति र मात्रा हेरी दशहजारसम्म जरिवाना,

(२.) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा पाँच हजारसम्म जरिवाना ।

(३.) खानेपानीलाई प्रदूषित गराउने वा प्रयत्न गर्ने तथा सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याएमा कसुरको मात्रा हेरी दश हजारसम्म जरिवाना ।

(४.) खानेपानी आयोजनासँग सम्वन्धित उपकरण तथा सफ्टवेयर सम्वन्धी उपकरणमा बाधा पुऱ्याए वा अवरोध गरे कसुरको मात्रा हेरी दश हजारसम्म जरिवाना ।

(५.) सेवा प्रणालीमा जडित पाइपलाई चोरी गर्ने, बिगार्ने, भत्काउने वा क्षति पुऱ्याउने काम गर्ने उपभोक्तालाई सोको बिगो भराई त्यस्ता उपभोक्तालाई रु.बीस हजारसम्म जरिवाना गर्न सकिनेछ ।

(६.) वोर्डले गरेको सजाय उपर गाउँ न्यायीक समितिमा पुनरावेदन लाग्ने छ ।

## परिच्छेद – ६

## बोर्डको कोष र लेखा परीक्षण

२१. **बोर्डको कोषः**

(१) बोर्डको आफ्नो  छुट्टै कोष हुने छ ।

(२)उपनियम (१) बमोजिमको कोषमा देहाय अनुसार रकम रहनेछन् ।

(क) गाउँपालिकाले बोर्ड सञ्चालन गर्न तथा पालिकाभित्र खानेपानि तथा सरसफाइ निर्माण र मर्मत सम्भारका लागि विनियोजन गरेको वार्षिक रकम । त्यसै गरी सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) सेवाप्रदायकले सेवा उपलब्ध गराएबापत प्राप्त रकम ।

(ग) खानेपानी महसुलबापत प्राप्त रकम ।

(घ) नयाँ धारा जडान गर्दा प्राप्त रकम ।

(ङ) नियम२०अनुसार कसुरबापत प्राप्त रकम ।

(च) बैदेशिक निकाय,संघ संस्थाबाट अनुदान सहयोगबापत प्राप्त रकम ।

(छ) स्थानीय निकाय, संघ संस्थाबाट अनुदान सहयोगबापत प्राप्त रकम ।

(ज) बित्तिय संस्था वा अन्य कुनै निकायबाट प्राप्त ऋण ।

(छ) अन्य कुनै स्रोतवाट प्राप्त रकम ।

(३.) बोर्डको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४.) बोर्डको  कोषमा रहने रकम नेपालभित्रको कुनै बैक वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ, त्यस्तो खाता सञ्चालन गर्न कार्यकारी निर्देशक र बोर्डको अध्यक्षबाहेक बोर्ड सदस्यहरु मध्य बोर्डले तोकेको १ जनाको संयुक्त हस्ताक्षरमा हुनेछ । बोर्डको लेखा व्यवस्थापन नेपाल सरकारले तोके बमोजिमको ढाँचामा हुनेछ ।

२२. **आकस्मिक कोषको व्यवस्थाः** नियम (२१) को अतिरिक्त खानेपानी संरचनाहरुमा विभिन्न किसिमका प्राकृतिक विपत्तिका कारणले हुने क्षतिलाई तत्काल समाधन गरी खानेपानी आपूर्तिलाई नियमित

गर्न एक आकस्मिक कोष रहनेछ। यस कोषमा बोर्डले तोके बमोजिमको रकम रहनेछ। आकस्मिक कोषको खर्चको कार्यविधि तोकीयबमोजिम हुनेछ ।

**२३. लेखा र लेखा परिक्षणः**

(१) बोर्डको आयव्ययको लेखा प्रचलित कानुनबमोजिम राखिनेछ ।

(२) बोर्डको आयव्ययको लेखा परीक्षण समितिले नियुक्त गरेको इजाजत प्राप्त लेखापरीक्षकवाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा जुनसुकै बखत बोर्डको लेखा तथा सोसँग सम्बन्धित कागजात जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद – ७

## विविध

**२४.निर्देशनदिन सक्नेः**

खानेपानी तथा सरसफाइको गुणस्तर कायम राखी सेवालाई चुस्त दुरुस्त बनाइ राख्न बोर्डलाई गाउँ कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

**२५. उप-समिति गठन गर्न सक्ने :**

कार्यकारी समितिले आफूले गर्नुपर्ने काम कारबाही सुचारु रुपले गर्न आवश्यकता अनुसार विभिन्न विषयसँग सम्बन्धित विशेषज्ञ सहितको उपसमितिहरु गठन गर्न सक्नेछ। उपसमितिको काम, कर्तव्य, अधिकार तथा उपसमितिका सदस्यले पाउने सुविधा तोकिएबमोजिम हुनेछन् ।

**२६. नियम बनाइ लागू गर्न सक्नेः**

कार्यकारी समितिले यस ऐनको अधिनमा रही आवश्यक नियमावली तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**२७. थपघट, शंसोधन तथा खारेजी**

यस एनेमा रहेका कुनै पनि दफा तथा उप दफा गाउँ कार्यपालिकाले थपघट, शंसोघन तथा खारेज गर्न सक्नेछ ।

**२८. महसुल निर्धारण**

कार्यकारी समितिले एक महसुल निर्धारण उप-समिति गठन गर्न सक्नेछ। सो उप- समितिले प्रचलित कानुनको अधिनमा रही पालिकाभित्रको लागि खानेपानी महसुल निर्धारण गर्ने छ ।

**२९. सपथ सम्बन्धी व्यवस्था**

(१) यस ऐनको उपदफा ३ (१) अन्तरर्गत गठित कार्यकारीणी समितिको अध्यक्ष र सदस्यहरुले अनुसूची २ अनुसारको ढाँचामा सपथखानु पर्नेछ । सपथ खुवाउने अधिकारी अध्यक्षको हकमा पालिका अध्यक्ष र अन्य सदस्यको हकमा कार्यकारी समितिका अध्यक्ष रहनेछन् ।

(२) यस ऐनको दफा १५ र १७ अन्तरर्गत नियुक्त गरिएका कार्यकारी निर्देशक लगाएत अन्य कर्मचारीहरुले अनुसूची २ अनुसारको ढाँचामा सपथ खानु पर्नेछ। सपथ खुवाउने अधिकारी कार्यकारी समितिका अध्यक्ष हुनेछन्, तर गाउँपालिका अध्यक्ष नै बोर्डको अध्यक्ष भएमा कार्यपालिका समक्ष सपथ लिनु पर्नेछ ।

**३०. वार्षिक प्रतिवेदन पेश गर्नेः** बोर्डले प्रत्येक वर्षको वार्षिक प्रतिवेदनआर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र देहायका कुराहरु समेत समावेश गरी गाउँपालिकासमक्ष पेश गर्नु पर्नेछ ।

(क) बोर्डको आम्दानी र खर्चको विवरण,

(ख) आफूले वर्षभरि सम्पादन गरेको कामको प्रगति विवरण,

(ग) आगामी वर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको स्रोत,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा(१)बमोजिमको प्रतिवेदन गाउँपालिकाले प्रत्येक वर्ष बोर्डलाई सार्वजनिक गर्न लगाउनेछ ।

**अनूसुची- १**

**(दफा १०, १५ र १७ संग सम्बन्धित)**

# बेनीघाट रोराङ गाउँपालिका ग्रामिण खानेपानी व्यवस्थापन बोर्डको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

## शपथ ग्रहण फारामको ढाँचा

म बेनीघाट रोराङ गाउँपालिका ग्रामिण खानेपानी व्यवस्थापन बोर्डको...............................को हैसियतले मलाई सुम्पिएको जिम्मेवारी र कर्तव्य पालन मेरो ज्ञान, विवेकले जानेबुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी बोर्डप्रति बफादार रही भय, पक्षपात र द्वेष नराखी लोभ लालच र मोलाहिजामा नपरी यस ऐन तथा ऐन अन्तर्गत बनेका विनियम, निर्देशिका, आदेश तथा निर्देशनको अधीनमा रही आफ्नो कर्तव्य पालना गर्नेछु र मैले आफ्नो कर्तव्य पालनको सिलसिलामा थाहा पाएको कुनैपनि गोप्य सूचना वा कुराहरु प्रचलित कानूनले बाध्य पारेको अवस्थामा बाहेक आफ्नो पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले अनाधिकृत रुपमा प्रकट गर्ने छैन भनी सत्य निष्ठापूवर्क शपथ ग्रहण गर्दछु ।

शपथ ग्रहण गर्ने कर्मचारीको:

दस्तखत :
मिति :
नाम :
श्रेणी :
पद :

शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको:

दस्तखत :
नाम -
श्रेणी -

**आज्ञाले**
**लक्ष्मण प्रसाद भट्टराई**
**प्रमुख प्रशासकिय अधिकृत**